फोन: ०८२-५२३०७८
ईमेल hgao.tulsipur@ag.gov.np

# उच्च सरकारी वकील कार्यालय
## तुलसीपुर, दाङ

प.सं. :- ०८०/०८१ (प्रशासन शाखा) मिति :२०८१/०३/१६
च.नं :- १८०२ ११४४ तछलागा ९ आईतवार

विषयः समुदायमा सरकारी वकील कार्यक्रमको प्रतिवेदन प्रस्तुत गरिएको सम्बन्धमा ।

श्री महान्यायाधिवक्ताको कार्यालय,
रामशाहपथ, काठमाण्डौं ।
(योजना, अनुसन्धान तथा अनुगमन विभाग)

उपरोक्त सम्बन्धमा यस कार्यालयको वार्षिक कार्यक्रम अनुरुप मिति २०८१/०३/१४ गते सम्पन्न गरिएको समुदायमा सरकारी वकील कार्यक्रमको प्रतिवेदन पाना ३ यसै पत्रसाथ पेश गरिएको व्यहोरा निर्देशानुसार अनुरोध गरिन्छ ।

२०८१।३।१६
(टिका कुमारी रोका (के.सी.))
सहायक न्यायाधिवक्ता

सहायक न्यायाधिवक्ता

# उच्च सरकारी वकील कार्यालय, तुलसीपुर, दाङ

## समुदायमा सरकारी वकील कार्यक्रमको संक्षिप्त प्रतिवेदन

१. कार्यक्रमको नामः- समुदायमा सरकारी वकील कार्यक्रम ।

२. कार्यक्रम संचालन स्थानः- बिरेन्द्र नमूना माध्यामिक बिद्यालय हेकुली, दाङ ।

३. मितिः-२०८१/०३/१४

४. कार्यक्रमको अवधिः- २:०० देखि ४ :०० सम्म

५. सहभागी संख्याः- महिलाः-४० पुरुष.-२२ अन्यः- ०

६. कार्यक्रमको उद्देश्यः-

क) सरकारी वकील कार्यालयको संरचना, सरकारी वकील कसको वकील हो ? र सरकारी वकील कार्यालयबाट सम्पादन हुने काम कारवाही सम्बन्धमा समुदायलाई जानकारी गराउने।

ख) न्याय सम्पादनका सिलसिलामा समूदायले भोग्नु परेका समस्या र तिनको समाधानको सम्बन्धमा सरकारी वकीलको भुमिका ।

ग) फौजदारी न्याय प्रकृयामा समुदायको भूमिका र बिद्यालयको भुमिकाको सम्बन्धमा जानकारी गराउने

७. सहकार्य भएको निकाय तथा संस्थाः- जिल्ला सरकारी वकील कार्यालय दाङ र बिरेन्द्र नमूना मा.वि. दंगीशरण, दाङ । कार्यक्रमको अध्यक्षता जिल्ला सरकारी वकील कार्यालय दाङका जिल्ला न्यायाधिवक्ता श्री दशरथ गौतमज्यूले गर्नु भएको थियो भने प्रमुख अतिथी बिरेन्द्र नमुना मा.वि.का नि. प्र.अ.श्री राजेन्द्र प्रसाद भट्टराईं रहनु भएको थियो ।

८. प्रस्तुत भएका विषय र प्रस्तुतकर्ताः-

क) कार्यक्रममा जिल्ला सरकारी वकील कार्यालय दाङका सहायक जिल्ला न्यायाधिवक्ता श्री रेग बहादुर विष्टले कार्यक्रमको परिचय, उद्देश्य र प्रस्तुत हुने बिषयहरुको सीमाको बारेमा सहभागीहरुलाई जानकारी गराउनु भएको थियो ।

ख) कार्यक्रममा यस कार्यालयका सहायक न्यायाधिबक्ता श्री टिका कुमारी रोका (के.सी.) ज्यूले सरकारी वकील कार्यालयको सांगठनिक संरचना, सरकारी वकील कार्यालयको कामकारवाही, न्याय सम्पादनको सिलसिलामा जनताले भोग्नु परेका समस्याहरु र ति समस्याहरुको समाधानमा सरकारी वकीलको भुमिका लगायतका विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

९. छलफलमा उठेका मुख्य मुख्य विषयहरुः-

क) चेतना रावतः- फौजदारी मुद्दा र देवानी मुद्दामा के फरक छ? भनि जिज्ञासा राख्नु भयो ।



सहायक न्यायाधिवक्ता

ख) निर्मला बस्नेत:- बाल बिवाहमा सहभागी हुनेलाई के कस्तो सजाय हुन्छ ? भनि जिज्ञासा राख्नु भयो ।

ग) मिलन खड्का:- विना कारण ब्यक्तिलाई प्रहरीले कुटपिट गरेको अवस्थामा कसरी कानूनी उपचार पाउने र अपराधको सूचना दिने ब्यक्तिलाई कुनै पुरस्कारको व्यवस्था छ छैन भनि जिज्ञासा राख्नु भएको थियो ।

घ) अविनास चौधरी:- लागू औषध सेवन गरेबाट के कस्तो सजाय हुन्छ, जुवा तास खेलेको रकम प्रहरीले छापा मारेर लिएपछि त्यो रकम कहाँ राखिन्छ र कर्मचारीले घुस लिएको खण्डमा कसरी कारवाही गर्न सकिन्छ भनि जिज्ञासा राख्नु भयो ।

ङ) अन्जली परियार:- बैदेशिक रोजगारीको बहानामा ठगी भएमा कस्तो सजाय हुन्छ भनि जिज्ञासा राख्नु भएको थियो ।

च) पूर्णिमा चौधरी:- कसैले कसैलाई बोक्सीको आरोप लगाएमा कस्तो सजाय हुन्छ भनि जिज्ञासा राख्नु भएको थियो ।

छ) पुष्पा के.सी:- कसैले कसैको फोटो आइडी दुरुपयोग गरेमा के कस्तो सजाय हुन्छ भनि जिज्ञासा राख्नु भएको थियो ।

उपरोक्त जिज्ञासाहरु जिल्ला न्यायाधिवक्ता श्री दशरथ गौतम र सहायक न्यायाधिवक्ता श्री टिका कुमारी रोका (के.सी.) ज्यूबाट सम्बोधन भएको थियो ।

१०. प्रमुख अतिथी र अतिथीहरुबाट मन्तव्य:

क) कार्यक्रमको प्रमुख अतिथि बिरेन्द्र माद्यामिक बिद्यालय हेकुली दाङका निमित्त प्रधानाध्यापक राजेन्द्र प्रसाद भट्टराईले समाजमा घट्ने विभिन्न किसिमका घटनाहरुको न्यूनिकरणका लागि बिद्यालयस्तरमा सचेतनामुलक कार्यक्रम गर्न आवश्यक देखिएको र यसका लागी सरकारी वकील कार्यालयसंग सहकार्य र सहयोगको अपेक्षा रहेको बताउनु भयो । समाजमा विद्यमान घटिरहेका घरेलुहिंसा लागयतका घटनाहरु न्यूनिकरण गर्न, मौजुदा कानूनहरुको बारेमा जानकारी दिन यस्तो कार्यक्रमहरु निकै लाभदायक रहने र यो कार्यक्रम आयोजना आफ्नो बिद्यालयमा गर्नु भएकोमा उच्च सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालय दाङलाई संयुक्त रुपमा धन्यवाद समेत ज्ञापन गर्नु भएको थियो ।

ख) कार्यक्रमका अतिथी बिद्यालय ब्यवस्थापन समितिका सदस्य मनिराम चौधरीले यस प्रकारको कार्यक्रमले समाजमा कानूनी सचेतना ल्याई समाजलाई शान्त एवं समुन्नत बनाउने र आफूले पनि कानुनका केही कुरा सिक्ने अवसर भएकोमा खुसी व्यक्त गर्दै यो कार्यक्रम आयोजना गर्नु भएकोमा उच्च सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालय दाङलाई संयुक्त रुपमा धन्यवाद समेत ज्ञापन गर्नु भएको थियो ।

सहायक न्यायाधिवक्ता

अन्तमा कार्यक्रमका अध्यक्ष, जिल्ला सरकारी वकील कार्यालय, घोराही दाङका जिल्ला न्यायाधिवक्ता श्री दशरथ गौतमले सहभागिहरुका केही जिज्ञासाहरुलाई समेटदै यस्ता कार्यक्रमहरु समय समयमा भईरहने भएकोले जनता र बिद्यालय स्तरका बालबालिकाहरुको सक्रिय सहभागिता रहनु पर्ने र न्याय सम्पादनको सिलसिलामा सरकारी वकीलले समूदायस्तरबाट सहयोगको अपेक्षा गर्दछ र यो कार्यक्रम सभ्य र भव्य ढंगले सम्पन्न भएको कुरा व्यक्त गर्दै कार्यक्रम समापन भएको घोषणा गर्नु भएको थियो ।

११. मुख्य उपलब्धीहरुः

क) सरकारी वकील कार्यालयको संरचना, न्याय सम्पादनमा सरकारी वकीलको भूमिका र सरकारी वकील कार्यालयबाट सम्पादन हुने काम कारवाही सम्बन्धमा बिद्यालय स्तरका बालबालिकाहरु जानकार भएको ।

ख) न्याय सम्पादनका सिलसिलामा जनताले भोग्नु परेका समस्या र तिनको समाधानको सम्बन्धमा सरकारी वकीलको भुमिका सम्बन्धमा जानकारी भएको ।

ग) फौजदारी न्याय प्रकृयामा समुदायका मानिसहरुको भूमिका सम्बन्धमा जानकारी पाएको ।

१२. सहभागीको सुझावः सरकारी वकील र सरकारी वकील कार्यालयको कामवाही तथा विभिन्न मुद्दाका विषयमा जानकारी प्राप्त भएको र आगामी दिनमा पनि यस्ता कार्यक्रमहरु निरन्तर रुपमा संचालन भएमा समाजलाई अपराध रहित, शान्त, सुव्यवस्थित तथा समृद्ध समाज वनाउन सहयोग हुने सुझाब प्राप्त ।

१३. आयोजकका अनुभवः- बिद्यालयका बिद्यार्थीसंग कार्यक्रम गर्दा बालबालिकाहरु निकै उत्साहित रही बिभिन्न बिषयमा जिज्ञासा राखेको पाइयो । यस्ता कार्यक्रमले बालबालिकाहरुलाई कानूनी प्रक्रियाका बारेमा जानकार गराई अपराध न्यूनिकरण र न्याय सम्पादनमा समेत सहयोग पुग्ने देखियो ।

संलग्न अनुसूचीहरुः

क) कार्यक्रम तालिका
ख) प्रस्तुत भएका कार्यक्रम
ग) सहभागीहरुको नामावली
घ) अन्य

प्रतिवेदकः- (टिका कुमारी रोका (के.सी.))
सहायक न्यायाधिवक्ता
(गोविन्द थापा)
नायब सुब्बा
मितिः- २०८१/०३/१६


BIRENDRA MODEL SECONDARY SCHOO
Dangisharan-3 Hekuli, Dang

